# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २७] काठमाडौं, साउन ३१ गते २०३४ साल [संख्या १८

श्री ५ को सरकार

**वन मन्त्रालयको**

**सूचना**

राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ३ को उप–दफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले नारायणी अञ्चल चितौन जिल्लाको देहायबमोजिम चारकिल्लाभित्रको क्षेत्रलाई शाही चितौन राष्ट्रिय निकुन्ज घोषित गरेको छ ।

शाही चितौन राष्ट्रिय निकुन्जको चारकिल्ला

१. उत्तरः– राप्तीनदी, आवादी र नारायणीनदी ।

२. पूर्वः– हस्ताखोला र घराङखोला ।

३. दक्षिणः– नेपाल–भारत सिमाना, रिउखोला र अग्नी संरक्षण रेखा ।

४. पश्चिमः– विनायखोलादेखि डनीडाँडाको नाकैनाक हुँदै त्रिवेणी घाटसम्म ।

उपरोक्तबमोजिमको चारकिल्लाको विस्तृत विवरण निम्नबमोजिम छः–

उत्तरः– विनायखोला र नारायणी नदीको मुहानदेखि शुरू भई पूर्वतर्फ हुँदै नारायणी-नदीको उत्तर पश्चिमपट्टिको किनारभित्र पार्दै सिम्रौलीघाटसम्म। त्यहाँबाट

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नारायणीनदी पार गरी नारायणीनदीको पूर्वतिरको किनारभित्र पार्दै नदीनै नदी हुँदै दक्षिण पश्चिमतर्फ राप्ती नारायणी दोभानसम्म । उक्त राप्ती–नारायणी दोभानदेखि राप्तीनदीको उत्तरतिरको किनारभित्र पार्दै नदीनै नदी हुँदै पूर्वतर्फ सौराहा निरको इचर्नीटप्पूको पश्चिम कुनाको पक्की पिलर नं.१ सम्म। सो कुनाबाट बूढी राप्ती र इचर्नीखोलाको उत्तरी किनारसमेत भित्र पार्दै पक्की पिलर नं. २ सम्म। उक्त पक्की पिलर नं. २ बाट इचर्नीखोलातर्फ आएको राप्तीनदीको सुख्खाधार हुँदै मुख्य राप्तीसम्म। सो राप्तीको पूर्व हुँदै सौराहाघाट निरको पक्की पिलर नं. ३ सम्म ।

सौराहाघाट निरको राप्तीको दक्षिण किनारको सिमेण्ट र ईंटाको नं. ३ को/पक्की पिलरबाट शुरू भई जयमङ्गला, भवानीपुर, गढौली, ठिठौली, वनगाई, भीमपुरको आवादी जग्गाको किनारको निकुन्ज सीमाना हुँदै सोही भीमपुर गाउँको पूर्वतर्फ पर्ने मूलखोलाको पश्चिम किनारमा स्थित पक्की पिलर नं. ३५ सम्म ।

राप्तीनदी किनारको १०९ नं. को काठको पिलरबाट नदी पार गरी राप्तीनदीको उत्तरतर्फको किनारासमेत भित्र पार्दै पूर्वतर्फ राप्तीनदीनै नदी हुँदै राप्तीनदी र हस्ताखोलाको दोभानसम्म ।

पूर्वः– राप्तीनदी र हस्ताखोलाको दोभानबाट शुरू भई हस्ताखोलैखोला दक्षिणतर्फ चूरेडाँडाको टुप्पाको मुहानसम्म । त्यहाँबाट घराङखोलाको मुहान हुँदै दक्षिणतर्फ खोलैखोला हुँदै आधावारको अग्नी संरक्षण रेखा भेटिने ठाउँसम्म।

दक्षिणः– माथि उल्लेख गरिएको आधावार अग्नी संरक्षण रेखाबाट शुरू भई उक्त अग्नी संरक्षण रेखा हुँदै पश्चिमतर्फको ठुटेखोलासम्म । ठुटेखोला निरको १११ नं. को काठको पिलरबाट शुरू भई दीपकनगरको आवादीको किनार हुँदै पश्चिमतर्फ अमुवाखोलानिरको १३५ नं. को काठको पिलरसम्म ।

उक्त काठको पिलर नं. १३५ देखि शुरू भई पश्चिमतर्फ ठोरी माडी जाने बाटैबाटो हुँदै वगई चौकीनिरको रिउखोलासम्म। सो ठाउँबाट उक्त खोलाको उत्तर किनार हुँदै बोटेसीमरा चौकी नजिक काठको पुरानो पिलर नं. १ सम्म ।

उक्त काठको पुरानो पिलर नं. १ बाट आवादी जग्गा र जङ्गलको सिमाना कायम गर्दै सपनावती घोलसंग मिसिएर बनेको नयाँ रिउखोलासम्म। सो रिउखोला पक्री असिलिया गाउँको नयाँ आवादी जग्गासम्म । सो आवादी जग्गादेखि काठको खम्बाले सिमाना लगाएको ५५ नं. को पिलरसम्म। सो ५५ नं. को पिलरबाट सपनावती घोल हुँदै रिउखोलासम्म। उक्त रिउखोलाको

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४२४

उत्तरतर्फको किनाराभित्र पार्दै पश्चिमतर्फ पाँचपाण्डव गाउँको आखिरी आवादीको जग्गाबाट शुरू भएको काठको पिलरले छुट्याएको वन सिमाना नं. १ सम्म । पाँचपाण्डव गाउँ द्रौपदीनगर चैनपुर गाउँको आवादी र जङ्गल छुट्याउने काठको वन सिमाना हुँदै चैनपुरबाट भारतदून जाने बाटोमा रहेको काठको पिलर नं. ६२ सम्म। त्यहाँबाट माडी चैनपुरबाट भारतको दून जाने बाटो हुँदै नेपाल–भारतको अन्तरराष्ट्रिय सिमानासम्म। नेपाल–भारत अन्तरराष्ट्रिय सिमानाबाट पश्चिमतर्फ सिमानै सिमाना भई नेपाल–भारत सिमानाको ६० नं. को पिलरसम्म । उक्त ६० नं. को पिलरबाट पश्चिमतर्फ अन्तरराष्ट्रिय सिमानै सिमाना हुँदै र बाल्मिकी आश्रमलाई बाहिर पारी त्रिवेणीघाटसम्म ।

पश्चिमः– त्रिवेणीघाटबाट डनीडाँडाको नाकैनाक हुँदै (नारायणीनदीको सबभन्दा नजिकको नाक) विनायखोलासम्म ।

द्रष्टव्यः–

(१) त्रिवेणीघाटको वाल्मिकी आश्रम यस राष्ट्रिय निकुन्जको सिमाना बाहिर पारिएको छ।

(२) उपर्युक्त सिमानाको बेरिङ तथा सिमाना (खम्बा) हरूको बीचको आपसी दूरीको विवरण (अभिलेख) वन विभाग, राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण कार्यालय र शाही चितौन राष्ट्रिय निकुन्ज कार्यालयमा राखिएको छ।

खण्ड २३ मिति २०३०।६।४ अतिरिक्ताङ्क ३८ (क) को नेपाल राजपत्र भाग ३ मा प्रकाशित शाही चितौन राष्ट्रिय निकुन्ज घोषित सम्बन्धी यस मन्त्रालयको सूचना खारेज गरेको छ।

आज्ञाले–
अच्युतबहादुर राजभण्डारी
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

422

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।